# रेशाजन्य सामग्रीबाट वस्तु निर्माणकर्ता

**(Natural Fiber based Handicraft Maker)**

## छोटो अवधिको पाठयक्रम

## (दक्षतामा आधारित)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान**

ललितपुर

२०७६ पुष

## विषय सूची


१. परिचय ........ 3

२. लक्ष्य ........ 3

३. उद्देश्य ........ 3

४. पाठ्यक्रमको विवरण ........ 4

५. समयावधि ........ 4

६. संभाव्य स्थान र कच्चा पदार्थ ........ 4

७. समूहको आकार ........ 5

८. उपस्थिति ........ 5

९. पाठ्यक्रमको विशेषता ........ 5

१०. तालिमको लागि योग्यता ........ 5

११. प्रशिक्षणको माध्यम भाषा र सामग्री ........ 5

१२. प्रशिक्षण र सिकाई विधि ........ 6

१३. अनुगमनको व्यवस्था ........ 6

१४. प्रशिक्षार्थी मूल्यांकन विवरण ........ 6

१५. प्रशिक्षकको न्यूनतम योग्यता ........ 6

१६. प्रशिक्षक/प्रशिक्षार्थी अनुपात ........ 7

१७. प्रशिक्षकले ध्यान दिनुपर्ने आधारभूत विषय ........ 7

१८. प्रशिक्षणका लागि सुझाव ........ 7

१९. मूल्यांकन विधि ........ 8

२०. प्रमाणपत्र प्राप्त गर्नका लागि पुरा गर्नुपर्ने शर्त ........ 8

२१. मोडयुल संरचना ........ 9

मोड्युल १ः व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सिकाई ........ 10

मोड्युल २ : प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माण ........ 11

मोड्युल ३ः पेशागत मान्यता र संचार सीप ........ 49

मोड्युल ४ः प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माणको कार्यस्थल अभ्यास ........ 56

अनुसूची १ः औजार/उपकरण/सामग्रीको सूची र नर्म्स (Tools and Materials List and Norms) ........ 57

दक्षता विवरण ........ 58

# रेशाजन्य सामग्रीबाट वस्तु निर्माणकर्ता (Natural Fiber based Handicraft Maker) को पाठयक्रम

## १. परिचय

प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माणकर्ता तयार गर्न यो पाठ्यक्रम निर्माण गरिएको हो । यस पेशामा संलग्न हुन चाहने कामदारले यो पाठ्यक्रममा आधारित भई तालीम प्राप्त गरी यस पेशालाई दक्षतापूर्वक सम्पन्न गर्न आवश्यक पर्ने ज्ञान, सीप, प्रयोगात्मक अभ्यास र व्यवहार समेत सिक्न सक्नेछन् । यस पाठ्यक्रमबाट देश र विदेशमा समेत यो पेशाका लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार पार्न मद्दत पुग्नेछ । पाठ्यक्रम अनुरुपको प्रशिक्षण लिन नेपाली प्रशिक्षार्थीले सैद्धान्तिक ज्ञान कक्षा कोठामा प्राप्त गर्ने र प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माणकर्ता तयार गर्न आवश्यक पर्ने सीप सम्बन्धित घरेलु उद्योग वा अन्य उद्योगमा अभ्यास गर्नेछन् । यो तालीमको प्रकृति घरेलु वा कुटीर उद्योगमा आधारित हुनेछ । प्रशिक्षार्थीहरु ज्ञान र सीप प्राप्त गरे पश्चात पनि सम्बन्धित उद्योगमा कार्यस्थलमा आधारित तालीम (On the Job Training (OJT) or Apprentinceship Training) का प्रशिक्षार्थीका रुपमा कार्यरत रहनेछन् । सीप सिके पश्चात सो को मूल्यांकन भएपछि मात्र प्रशिक्षार्थीहरुले सम्बन्धित संस्था वा उद्योगबाट तालीम प्राप्त गरेको प्रमाणपत्र प्राप्त गर्नेछन् । तालीम प्राप्त गरेपछि सीपयुक्त व्यक्तिले रोजगार प्राप्त गर्नेछन् वा स्वरोजगार हुनेछन् । जसबाट एकातर्फ उनीहरुको आर्थिक जीवनस्तरमा सुधार आउनेछ भने अर्कोतर्फ तालीम प्राप्त जनशक्तिबाट उद्योगको उत्पादन एवं उत्पादकत्व समेत अभिबृद्धि हुन जान्छ । यी दुवै अवस्थाबाट राज्यको आर्थिक विकासमा मद्दत पुग्नुका साथै गरिवी निवारणमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । घरेलु उद्यम (Cottage Enterprise) को रुपमा क्रमशः उत्पादन र बजार वृद्धि तर्फ अग्रसर यो व्यवसायको उद्यम बजारमा प्रशस्त माग भएको हुँदा तालिम प्राप्त जनशक्तिलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पर्याप्त रोजगारीका अवसरहरु प्राप्त हुने विश्वास लिइएको छ ।

## २. लक्ष्य

देश भित्र वा विदेशमा संचालनमा रहेका प्राकृतिक रेशाजन्य सामग्रीबाट हस्तकलाका बस्तु निर्माण गर्ने घरेलु उद्योगहरुलाई आवश्यक पर्ने सीपयुक्त जनशक्ति तयार गर्नु यो पाठ्यक्रमको मुख्य लक्ष्य रहेको छ ।

## ३. उद्देश्य

यो पाठयक्रम बमोजिम प्रशिक्षण लिए पश्चात प्रशिक्षार्थीहरु निम्न कार्यहरु गर्न सक्षम हुने उद्देश्य लिइ यो पाठयक्रम तर्जुमा गरिएको छ :

- प्राकृतिक रेशाजन्य सामग्रीबाट बस्तु निर्माण गर्ने आधारभूत ज्ञान र सीपका बिषयमा जानकारी,

- आवश्यक उपकरण, औजार एवं सामग्रीको पहिचान तथा सो को संचालनका बिषयमा जानकार भई सो को प्रयोग,
- प्राकृतिक रेशाजन्य कच्चा पदार्थ उपलब्ध हुने स्थान, संकलन विधि र उपयोगको तरीका बारे जानकारी,
- प्राकृतिक रेशाजन्य सामग्रीबाट बस्तु निर्माण गर्ने क्रममा हुने नोक्सानीलाई कम गर्ने ज्ञान,
- कार्यस्थल, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा अवलम्बन,
- व्यवसायिक तथा पेशागत मूल्य मान्यताका विषयमा जानकारी
- संचारसम्बन्धी ज्ञान र सीप ।

## ४. पाठ्यक्रमको विवरण

यो पाठ्यक्रम प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माण गर्ने विषयसँग सम्बन्धित छ । यसकारण प्रशिक्षार्थीहरुलाई प्राकृतिक रेशाजन्य सामग्रीबाट बस्तु निर्माण गर्ने सीपयुक्त जनशक्ति तयार गर्ने आधारभूत ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले यो पाठ्यक्रम निर्माण गरिएको छ । यो पाठ्यक्रममा प्राकृतिक रेशाजन्य सामग्रीबाट बस्तु निर्माण गर्ने कार्यको परिचय, सुरक्षाका उपायहरु तथा बुनाइमा आवश्यक हुने सम्पूर्ण सीपहरुको दक्षता हासिल नभएसम्म अभ्यास गराइ रहने उद्देश्य राखिएको छ । यस पेशामा सरसफाइको भूमिका, कामदारको स्वास्थ्य तथा प्राथमिक उपचार गर्ने विषयमा आवश्यक जानकारी गराइनेछ । उत्पादनको बृद्धि बढाउने सीपमा जोड दिइएको छ । 'काम गर्ने उद्योग मेरो हो' र 'मेरो पेशा सम्मानित हो ' भन्ने भावना जगाउन प्रशिक्षार्थीलाई शुरुबाटै प्रेरित गरिनेछ ।

## ५. समयावधि

यो तालीम कार्यक्रमको कुल समयावधी कार्यस्थलमा आधारित अभ्यास समेत गरि १६१ घन्टाको हुनेछ । कूल १६१ घण्टा मध्ये कम्तीमा १०८ घण्टा कक्षागत अभ्यास मार्फत तालिम दिई बाँकी ५३ घण्टा कार्यस्थलमा आधारित तालिम प्रदान गरी प्रमाणपत्र प्रदान गर्न सकिनेछ ।

## ६. संभाव्य स्थान र कच्चा पदार्थ

प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माण गर्ने कच्चा पदार्थहरु उपलब्ध हुने क्षेत्रहरु देहाय बमोजमि रहेका छन्:

| | |
|---|---|
| झापा | कपिलवस्तु |
| सुनसरी | नवलपरासी (दुवै) |
| सप्तरी | गोर्खा |
| सिराहा | दाङ |
| उदयपुर | बाँके |
| धनुषा | कैलाली |

| | |
|---|---|
| सर्लाही | कञ्चनपुर |
| सिन्धुली | डोटी । |

प्राकृतिक रेशाजन्य वस्तुबाट सामग्री निर्माण गर्न देहायका कच्चा पदार्थहरु संभाव्य कच्चा पदार्थका रुपमा रहेका छन्:

- पटेर
- थाकल
- सिक्की
- मकैको खोस्टो
- पराल
- बाबियो
- काँस वा
- अन्य उपयुक्त रेशाजन्य पदार्थ

कच्चा पदार्थ उपलब्ध हुने क्षेत्र वा सो ढूवानी गरी अन्यत्र पनि तालिम संचालन गर्न सकिनेछ ।

## ७. समूहको आकार

सामान्यतया एक सत्रमा अधिकतम बीस (२०) जना व्यक्तिलाई यो तालीम दिन सकिनेछ ।

## ८. उपस्थिति

तालीम अवधिभर प्रशिक्षार्थीको उपस्थिति ९० प्रतिशत हुनुपर्नेछ । अन्यथा प्रमाणपत्र पाउन योग्य मानिने छैनन् ।

## ९. पाठ्यक्रमको विशेषता

यो पाठ्यक्रम दक्षतामा आधारित छ । यसले दक्षतापूर्वक कार्य सम्पादन गर्न जोड दिन्छ । यसमा ८० प्रतिशत सीप अभ्यास गराइन्छ भने २० प्रतिशत सैद्धान्तिक ज्ञान दिइन्छ । कार्यस्थलमा अभ्यास गराउने व्यवस्था यस पाठ्यक्रमको विशिष्ट विशेषता हो ।

## १०. तालिमको लागि योग्यता

तलका आधार पूरा गरेका व्यक्तिहरु यस तालीममा सहभागी हुन सक्नेछन् :-

- सामान्य लेखपढ गर्न सक्ने
- न्यूनतम १८ वर्ष पुरा भएका र
- शारीरिक रुपमा तालिम लिन सक्षम रहेका ।

## ११. प्रशिक्षणको माध्यम भाषा र सामग्री

प्रशिक्षणको माध्यम भाषा नेपाली वा राष्ट्र भाषा तथा अंग्रेजी वा दुवै भाषामा हुनेछ ।

प्रभावकारी प्रशिक्षण तथा प्रदर्शनका लागि आवश्यक पर्ने सामग्रीहरु निम्नानुसार रहेका छन्:

- अभ्यास पुस्तिका, रुजु सुची, कलम आदि कक्षा कोठाका लागि आवश्यक मसलन्द सामग्रीहरु
- Non-Projected सामग्रीहरु (Display नमूनाहरु, फिल्म चार्ट, पोष्टर, बोर्ड, मार्कर)

- Project Media सामग्री (ओभरहेड प्रोजेक्टर, ट्रान्सपरेन्सी, स्लाईड आदि)
- श्रव्यदृष्य (टेप, फिल्म, स्लाइडटेप, भिडियो डिस्क र टेप) सामग्री ।
- आवश्यक उपकरण, औजार र सामग्रीको विवरण अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

## १२. प्रशिक्षण र सिकाई विधि

यो तालीम कार्यक्रममा प्रशिक्षण दिँदा सैद्धान्तिक कक्षा तर्फ अवधारणा प्रष्ट पार्ने, विषयवस्तुको परिभाषा/परिचय एवं आवश्यकता, उद्देश्यपरक व्याख्या, तरिका, प्रश्न-उत्तर विधि, सैद्धान्तिक छलफल आदि मार्फत स्पष्ट पार्ने कार्य हुनेछ ।

प्रयोगात्मक वा व्यवहारिक सिकाई विधि तर्फ उदाहरणयुक्त व्याख्या, प्रदर्शन, अवलोकन, अनुकरण, निर्देशित अभ्यास, प्रयोगात्मक अभ्यास एवं प्रदर्शन, समूहगत कार्य वा छलफल, स्व-अभ्यास र अन्य उपयुक्त तरिकाहरु उपयोग गरिनेछ ।

## १३. अनुगमनको व्यवस्था

तालिमको अनुगमन देहाय बमोजिम गर्नुपर्नेछ :-
प्रथम अनुगमनः तालीम शुरु भएको ७ दिन पछि ।
दोश्रो अनुगमनः तालीमको वीच भागमा र सो अनुगमन-तालीम समाप्त हुने अन्तिम हप्ता ।
अन्य अनुगमन आवश्यकतानुसार गर्न सकिनेछ ।

## १४. प्रशिक्षार्थी मूल्यांकन विवरण

- कार्यक्रमको प्रत्येक क्षेत्र अर्न्तगत प्रत्येक सीपमा दक्षता सुनिश्चित गर्न सम्बन्धीत प्रशिक्षकद्वारा प्रशिक्षार्थीको निरन्तर कार्य सम्पादनको निरन्तर मूल्यांकन हुने व्यवस्था गरिनेछ । यो कार्यगत अभ्यासमा आधारित हुनेछ ।
- सैद्धान्तिक पक्षको मूल्यांकन गर्दा लिखित वा मौखिक विधि अपनाइनेछ । लिखित जाँच लिँदा वस्तुगत प्रश्न सोधिने छ ।
- प्रयोगात्मक सीपको मूल्यांकन भार ८० प्रतिशत र सैद्धान्तिक ज्ञानको मूल्यांकन भार २० प्रतिशत हुनेछ । सैद्धान्तिक ज्ञानको मूल्याकनमा प्रशिक्षार्थीको पेशा प्रतिको रुचीलाई पनि आधार बनाउनु पर्नेछ ।
- कार्यस्थल अभ्यास गर्दा प्रशिक्षक तथा सुपरिवेक्षकले संयुक्त रुपमा मूल्यांकन गर्नुपर्नेछ । सवै सीपको दक्षता प्राप्त नभएसम्म प्रशिक्षार्थीलाई अभ्यास गर्न लगाउनु पर्नेछ ।

## १५. प्रशिक्षकको न्यूनतम योग्यता

प्रशिक्षक हुनका लागि देहायको न्यूनतम योग्यता हुनु पर्नेछः

- प्रशिक्षक हुनको लागि प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माण गर्ने सीप परीक्षणको तह २ (दूई) उतीर्ण गरेको वा

- आधारतूत तालिम लिई दुई वर्ष कार्य अनुभव भएको वा
- सम्बन्धित विषयको कम्तीमा ५ वर्षको कार्य अनुभव भएको र प्रशिक्षक प्रशिक्षण (Training of Trainers)को तालिम समेत प्राप्त गरेको हुनुपर्नेछ ।

## १६. प्रशिक्षक ⁄ प्रशिक्षार्थी अनुपात

प्रशिक्षक र प्रशिक्षार्थीको अनुपात देहाय बमोजिम हुनुपर्नेछः
सैद्धान्तिक कक्षा : १ प्रशिक्षक = २० प्रशिक्षार्थी
प्रयोगात्मक कक्षा : १ प्रशिक्षक = १० प्रशिक्षार्थी

## १७. प्रशिक्षकले ध्यान दिनुपर्ने आधारभूत विषय

यो पाठ्यक्रम रोजगार विहिन साक्षर युवा युवतीलाई लक्षित गरी निर्माण गरिएको छ । यो पाठ्यक्रम निर्माण गर्दा देहायका आधारभूत कार्यविधिहरुलाई आधार मानी प्रशिक्षण संचालन गर्नुपर्नेछः

- तालीम पाठ्यक्रम पूर्णरुपमा अध्ययन गर्ने,
- सीपका अन्तिम सूचक, ज्ञानका बारे अध्ययन गर्ने,
- प्रशिक्षार्थीलाई सीपको सूची दिई प्रशिक्षण विधि, समय तथा अन्य जानकारी सकभर तालीम शुरु हुनुअघि नै उपलब्ध गराउने,
- पाठ्ययोजना बनाउने र आवश्यक श्रव्य-दृष्य सामग्री प्रयोग गर्ने (सीप, ज्ञान, पेशा प्रतिका अवधारणा सम्वन्धी विषय केन्द्रित )
- प्रशिक्षार्थीलाई काम गराइमा केन्द्रित गराउने,
- दिइएको समय, सीमा भित्र प्रशिक्षकले ज्ञान र प्रयोगात्मक सीपमा सूचकगत लक्ष अनुरुप सिकाउने,
- सीपको अभ्यास पछि प्रशिक्षार्थीलाई आवश्यक कार्ययोजना दिने ।
- यो तालिम सफलतापूर्वक सम्पन्न गरे पश्चात राष्ट्रिय सीप परिक्षण समितिबाट लिइने तह १ को परीक्षणमा पनि प्रशिक्षार्थी समावेश हुन सक्ने विषयमा जानकारी गराउने ।

## १८. प्रशिक्षणका लागि सुझाव

प्रशिक्षकले प्रशिक्षण दिँदा देहायका मुख्य पक्षमा ध्यान दिनु पर्नेछः

- उद्देश्य चयन गर्ने (संख्यात्मक, मनावैज्ञानिक र भावनात्मक),
- विषयवस्तु छनोट गर्ने,
- प्रशिक्षणका विधि (प्रशिक्षक केन्द्रित ⁄ प्रशिक्षार्थी उन्मुख) अपनाउने,
- सीप कार्यको प्रदर्शन गर्ने र अनुशरण गर्न लगाउने,
- प्रशिक्षार्थीलाई सीपको अभ्यास गराउने,
- उपयुक्त मूल्यांकन विधि अपनाउने,
- पृष्ठपोषणबाट प्राप्त कमी कमजोरी सुधार गर्ने गराउने ।

## १९. मूल्यांकन विधि

प्रस्तुत मूल्यांकन प्रणाली सरल, बुझ्न सजिलो र प्रभावकारी छ । यो प्रणाली प्राकृतिक रेशाजन्य सामग्रीबाट बस्तु निर्माणकर्ता हुनका लागि आवश्यक पर्ने ज्ञान, सीप, धारणा र मैत्रीपूर्ण व्यवहार सबै महत्वपूर्ण छन् भने मान्यतामा आधारित छ । हरेक सीपको नियमित मूल्यांकन गरिनेछ । मूल्यांकनको अंक भार देहाय बमोजिम हुनेछः

१. सैद्धान्तिक ज्ञानको मूल्यांकन
( लिखित, मौखिक वा प्रयोगात्मक ) .................१०० पूर्णाङ्क

२. सीपको मूल्यांकन .......................................३०० पूर्णाङ्क
सम्बन्धित प्रशिक्षक - १००
सम्बन्धित सुपरिवेक्षक - १००
तोकेको बाह्य विज्ञ - १००

३. व्यक्तिगत धारणा सम्बन्धी प्रशिक्षकले गरेको मूल्यांकन ............१०० पूर्णाङ्क
- हाजिरी
- समय पालना
- अनुशासन
- संचार गर्ने सीप
- सामुहिक सहभागिता
- काम प्रतिको लगाव

## २०. प्रमाणपत्र प्राप्त गर्नका लागि पुरा गर्नुपर्ने शर्त

- यस पाठयकम बमोजिम तालीममा सहभागी भै तालमि सम्पन्न गरेका प्रशिक्षार्थीहरुलाई मूल्यांकनका आधारमा तालीम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनेछ र प्रमाणपत्रको पछाडि सिकेका सीपहरुको संक्षिप्त सूची समावेश गरिनेछ । यसरी प्रदान गरिने प्रमाणपत्रको नाम ***"प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माणकर्ता"*** हुनेछ ।
- पाठ्यक्रमले निर्धारण गरेका सर्तहरु सफलतापूर्वक पूरा गर्ने प्रशिक्षार्थीलाई सम्बन्धित प्रशिक्षण संस्थाले *"रेशाजन्य सामग्रीबाट बस्तु निर्माणकर्ता"* को प्रमाणपत्र दिनेछ ।
- राष्ट्रिय सीप प्रशिक्षण समितिले संचालन गर्ने तह १ को प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माणकर्ता विषयको सीप परीक्षणमा समावेश भई यो तालीम पाएका प्रशिक्षार्थीले सीप प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

## २१. मोडयुल संरचना

तालीमको संरचना र पाठ्यक्रमको सूची निम्न ढाँचामा प्रस्तुत गरिएको छ । प्रशिक्षकले प्रशिक्षार्थीको स्तर तथा आवश्यकता अनुसार यो सूचीलाई परिमार्जन गर्न सक्नेछन् ।

| **क.सं** | **मोडयुल** | **कार्य-घण्टा** | | |
|---|---|---|---|---|
| | | **सैद्धान्तिक** | **प्रयोगात्मक** | **जम्मा** |
| १. | व्यवसायजन्य स्वास्थ्य र सुरक्षा | ९ | १८ | २७ |
| २. | प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माण | १० | ५२ | ६२ |
| ३. | पेशागत मान्यता र संचार सीप | ९ | १० | १९ |
| ४. | प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माणको कार्यस्थल अभ्यास | - | ५३ | ५३ |
| | **जम्मा** | २८ | १३३ | १६१ |

## मोड्युल १: व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सिकाई

यस खण्डमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका उद्योगजन्य र व्यक्तिगत स्तरमा अवलम्बन गर्नुपर्ने तरिकाका विषयमा सिकाइने ज्ञान तथा सीपका विषयवस्त र कार्य घण्टा उल्लेख गरिएको छ ।

### मोडयुलको विवरण र कार्य-घण्टा

| विषय | ज्ञान तथा सीपका विषयवस्तु | कार्य-घण्टा | |
|---|---|---|---|
| | | सैद्धान्तिक | प्रयोगात्मक |
| मोडयुल -१ | व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा | | |
| १. कार्यस्थलमा हुन सक्ने दुर्घटनावाट बच्न सुरक्षा अवलम्बन गर्ने | • संभावित दुर्घटना बारे परिभाषित गर्ने<br>• मेसिन संचालनमा जोखिम बर्णन गर्ने<br>• व्यक्तिगत सुरक्षा बारेका उपाय अवलम्बन गर्ने<br>• मेसिनको सुरक्षा गर्ने<br>• वातावरण सुरक्षित राख्ने उपाय अवलम्बन गर्ने । | २ | - |
| २.प्राथमिक उपचार सम्बन्धी जानकारी | • परिभाषा दिने<br>• विधि थाहा पाउने<br>• पेशासँग सम्बन्धित प्राथमिक उपचार गर्ने<br>• सम्बन्धित स्वास्थ्य चौकीसम्म पुऱ्याउने | ४ | १० |
| ३. सुरक्षाका सामग्री पत्ता लगाउने | • सामग्री पहिचान गर्ने<br>• सामग्री प्राप्त गर्ने<br>• सामग्री सफा राख्ने<br>• भण्डार गर्ने | १ | २ |
| ४. धारिलो उपकरण प्रयोग गर्ने | • उपकरण प्राप्त गर्ने<br>• उपकरण प्रयोग गर्ने<br>• उपकरण सुरक्षित ठाउँमा राख्ने | १ | २ |
| ५. आगो निभाउने | • यन्त्र पहिचान गर्ने<br>• यन्त्र ल्याउने<br>• प्रयोग गर्ने<br>• यन्त्र थन्काउने | १ | ४ |

## मोड्युल २ : प्राकृतिक रेशाजन्य सामग्रीबाट वस्तु निर्माण

यस मोड्युलमा प्रशिक्षार्थीहरुले कच्चा पदार्थ संकलन, कच्चापदार्थको तयारी, सामग्री रंग्याउने, सामग्री बुन्ने, सामग्रीलाई सुन्दरता दिने, प्याकेजिङ्ग गर्ने तथा बजार व्यवस्थापन गर्ने जस्ता मुलभूत सीप र ज्ञानको अभ्यास गर्नेछन । यी सीपहरुको तालीम संस्थामा र कार्यस्थलमा समेत अभ्यास गर्नु पर्ने छ ।

**मोडयुलको विवरण र कार्य-घण्टा**

| विषय | ज्ञान तथा सीपका विषयवस्तु | कार्य-घण्टा | |
|---|---|---|---|
| | | **सैद्धान्तिक (घण्टा)** | **प्रयोगात्मक (घण्टा)** |
| **मोडयुल -२** | | १० | ५२ |
| १ सामग्री जम्मा | रेशाजन्य सामग्री जम्मा गर्ने । | १ | ५ |
| २ सामग्री रङ्गयाउन | रेशाजन्य सामग्री रङ्गयाउने । | १ | ५ |
| ३ बुनाई | हस्तकलाको सामान बुन्ने । | २ | १२ |
| ४सुन्दरता | तयारी ब्यागलाई सुन्दरता दिने । | २ | १० |
| ५प्याकेजिङ्ग | प्याकेजिङ्ग गर्ने । | २ | १० |
| ६बजार व्यवस्थापन | बजार व्यवस्थापन गर्ने । | २ | १० |

**ईकाई: २.१. रेशाजन्य सामग्री जम्मा गर्ने ।**

सीप    २.१.१ रेशाजन्य सामग्री पहिचान गर्ने ।

प्रयोगात्मक : १घण्टा १५ मिनेट

सैद्धान्तिक : १२ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १.<br><br>२.<br>३.<br>४. | सामग्री पाउने स्थानको छनौट गर्ने ।<br>आवश्यक औजार प्राप्त गर्ने ।<br>रेशाजन्य सामग्रीको पहिचान गर्ने ।<br>रेशाजन्य सामग्रीका प्रजाती छुट्याउने । | स्थान/अवस्था<br>- कक्षा कोठा, प्रयोगशाला<br>- सामान प्राप्त हुने स्थान<br><br>उद्देश्य:<br>रेशाजन्य सामग्री पहिचान गर्ने ।<br><br>मापदण्ड<br>प्रजाती छुट्याई पहिचान गर्न जानेको हुने । | - पहिचान गर्ने तरिका<br>- रेशाजन्य सामग्रीका प्रजाती<br>- पहिचानको महत्व<br>- पहिचान गर्दाका फाईदा |

आवश्यक सामग्री :

हसिया, चक्कु, पंजा, जुत्ता

सुरक्षाको अवधारणा :

काँढा आदिबाट बच्न अपनाउने तरीका ।

ध्यान दिनुपर्ने चरण:

सामग्री छुट्याउने विधि ।

ईकाई: २.१.रेशाजन्य सामग्री जम्मा गर्ने ।

सीप २.१.२: रेशाजन्य सामग्री काट्ने ।

प्रयोगात्मक : १ घण्टा
सैद्धान्तिक : १२ मिनेट

| क.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | स्थान छनोट गर्ने । | अवस्था<br>- कक्षा कोठा<br>- प्रयोग शाला<br>- कार्यस्थल<br><br>कार्य/उद्देश्य:<br>रेशाजन्य सामग्री काट्ने<br><br>मापदण्ड<br>रेशाजन्य सामग्री लुछेर निकालेको वा काटेको । | - लुछ्ने तरिका<br>- काटने तरिका<br>- लुछ्नुको महत्व |
| २. | पूर्ण तयारी गर्ने ।<br>प्राथमिक उपचार गर्नुपर्ने | | |
| ३. | औजार प्राप्त गर्ने । | | |
| ४. | सामग्रीको छनोट गर्ने । | | |
| ५ | रेशाजन्य सामग्री काट्ने । | | |
| ६ | प्रजाती छुट्याउने । | | |
| ७. | ढुवानीको व्यवस्था गर्ने । | | |
| ८. | काटेर ल्याएको सामग्रीलाई भण्डारण गर्ने । | | |

आवश्यक औजार/उपकरण सामग्री
हसिया चक्कु, पञ्जा, जुत्ता, डोरी

सुरक्षाको अवधारणा :
काँढाबाट बच्ने

ध्यान दिनुपर्ने चरण:
प्रजातिको प्रकार र कटाईमा ध्यान दिने ।

ईकाई: २.१.रेशाजन्य सामग्री जम्मा गर्ने ।

सीप २.१.३: सामग्री सुकाउने ।

प्रयोगात्मक : ३० मिनेट
सैद्धान्तिक : ६ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १.<br><br>२.<br><br>३.<br><br>४.<br><br>५<br><br>६<br><br>७.<br><br>८<br><br>९.. | सुकाउने स्थान छनोट गर्ने ।<br><br>सुकाउने ठाँउ तयारी गर्ने ।<br><br>सामग्रीलाई सुकाउने ठाँउ सम्म ल्याउने ।<br>रेशाजन्य सामग्री केलाउने ।<br><br>रेशाजन्य प्रजाती छुट्याउने ।<br><br>रेशाजन्य सामग्री सुकाउने ।<br><br>सुकाएको सामग्रीलाई पल्टाउने ।<br>सुकेको सामग्री उठाउर्ने ।<br><br>सामग्रीलाई भण्डारण गर्ने । | <u>अवस्था</u><br>- कार्यस्थल<br><br><u>कार्य/उद्देश्य:</u><br>सामग्री सुकाउने ।<br><br><u>मापदण्ड</u><br>रेशाजन्य सामग्री सुकाउने तरिका जानेको हुने । | - सुकाउने तरिका<br>- सुकाउनुको फाईदा<br>- बेफाईदा |

<u>आवश्यक औजार/उपकरण सामग्री</u>
तिर्पाल, प्लास्टिक, लौरो

<u>सुरक्षाको अवधारणा :</u>
धुलोबाट बच्ने ।

<u>ध्यान दिनुपर्ने चरण:</u>
प्रजाति छुट्याउने र व्यवस्थित तरिकाले सुकाउने विधिमा सजग रहने ।

ईकाईः २.१. रेशाजन्य सामग्री जम्मा गर्ने ।
सीपः २.१.४ रेशाजन्य सामग्रीको आकार छुट्याउने ।

प्रयोगात्मक : ३० मिनेट
सैद्धान्तिक : ६ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | कार्यस्थल छनोट गर्ने । | अवस्था<br>- कार्यस्थल | - छुटयाउने तरिका<br>- छुटयाउने महत्व<br>- |
| २. | सामग्री प्राप्त गर्ने । | | |
| ३. | लामो छोटो छुट्याउने । | कार्य/उद्देश्यः<br>आकार छुट्याउने । | |
| ४. | अलग अलग मुठा बनाउने । | मापदण्ड<br>लामो छोटो आकारको | |
| ५ | मुठालाई भण्डारण गर्ने । | आधारमा सामग्री<br>छुटयाउन जानकार हुने । | |

आवश्यक औजार/उपकरण सामग्री
मुठा बान्ने रेशा

सुरक्षाको अवधारणा :
धुलोबाट बच्ने ।

ध्यान दिनुपर्ने चरणः
आकार प्रकार र छुट्याउने तरिका ।

ईकाईः २.१. रेशाजन्य सामग्री जम्मा गर्ने ।
सीपः २.१.५ रेशाजन्य सामग्रीको साईज मिलाउने ।

प्रयोगात्मक : ४५ मिनेट
सैद्धान्तिक : १२ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | कार्यस्थल तयार गर्ने । | अवस्था<br>- कार्यस्थल | - साईज मिलाउने बिधि<br>- साईज मिलाउंदाको फाईदा<br>- |
| २. | सामग्री प्राप्त गर्ने । | | |
| ३. | औजार प्राप्त गर्ने । | कार्य/उद्देश्यः<br>सामग्रीको साईज मिलाउने । | |
| ४. | सामग्रीको आकार मिलाउन काट्ने । | मापदण्ड | |
| ५ | सामग्रीलाई मुठा बनाउने । | साईज मिलाउन जानेको हुने । | |
| ६ | सामग्रीलाई बुन्ने स्थानमा लैजाने । | | |

आवश्यक औजार/उपकरण सामग्री
कैंची

सुरक्षाको अवधारणा :
धुलोबाट बच्ने ।

ध्यान दिनुपर्ने चरणः
आकार मिलाउने ।

ईकाईः २.१. रेशाजन्य सामग्री जम्मा गर्ने ।
सीपः २.१.६ रेशाजन्य सामग्रीको मुठा बाध्ने ।

प्रयोगात्मक : ३० मिनेट
सैद्धान्तिक : ६ मिनेट

| क.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | कार्यस्थल छनौट गर्ने । | <u>अवस्था</u><br>- कार्यस्थल | - रेशाजन्य सामग्रीको प्रजाती<br>- मुठा बांध्ने तरिका<br>- मुठाको महत्व |
| २. | रेशाजन्य सामग्री छुट्याउने । | <u>कार्य/उद्देश्यः</u><br>रेशाजन्य सामग्रीको मुठा बांध्ने । | |
| ३. | रेशाजन्य सामग्री प्राप्त गर्ने । | | |
| ४. | मुठा बांध्ने । | <u>मापदण्ड</u><br>मुठा बांध्न जानेको हुने । | |
| ५ | भण्डारण गर्ने | | |

<u>आवश्यक औजार/उपकरण सामग्री</u>
मुठाको लागि आवश्यक पर्ने रेशा

<u>सुरक्षाको अवधारणा :</u>
धुलोबाट बच्ने ।

<u>ध्यान दिनुपर्ने चरणः</u>
मुठाको आकार र बाध्ने विधि ।

ईकाई: २.१. रेशाजन्य सामग्री जम्मा गर्ने ।

सीप: २.१.७ रेशाजन्य सामग्रीको भण्डारण गर्ने ।

प्रयोगात्मक : ३० मिनेट
सैद्धान्तिक : ६ मिनेट

| क.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | भण्डार छनौट गर्ने । | <u>अवस्था</u><br>- कार्यस्थल | - भण्डारण गर्ने तरीका<br>- भण्डारणको महत्व |
| २. | सामग्री प्राप्त गर्ने । | | |
| ३. | भण्डारण गर्नुपर्ने ठाउं तयार गर्ने । | <u>कार्य/उद्देश्य:</u><br>भण्डारण गर्ने । | |
| ४. | सामग्रीलाई भण्डारण गर्ने । | <u>मापदण्ड</u><br>भण्डारण गर्ने तरिका जानेको हुने । | |

<u>आवश्यक औजार/उपकरण सामग्री</u>
मुठाको लागि आवस्यक पर्ने रेशा

<u>सुरक्षाको अवधारणा :</u>
धुलोबाट बच्ने ।

<u>ध्यान दिनुपर्ने चरण:</u>
सामग्रीको परिमाण र भण्डार स्थालको अवस्था ।

**ईकाई : २.२ : रेशाजन्य सामग्री रङ्गयाउने ।**

सीप    २.२.१: रङ्गको डिजाईन गर्ने ।

प्रयोगात्मक : १ घण्टा

सैद्धान्तिक : १२ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | रङ्ग लगाउने ठाउंको छनौट गर्ने । | <u>अवस्था</u><br>- कक्षा कोठा<br>- कार्यस्थल | - रङ्गको डिजाईन गर्ने तरीका<br>- रङ्गको डिजाईनको महत्व |
| २. | रङ्गहरु प्राप्त गर्ने । | | |
| ३. | रङ्गको छनोट गर्ने । | <u>कार्य/उद्देश्य:</u><br>डिजाईन गर्ने । | |
| ४. | रङ्गको डिजाईन गर्ने । | | |
| ५. | डिजाईन अनुसारको रङ्गको तयारी गर्ने । | <u>मापदण्ड</u><br>डिजाईन गर्न जानेको हुने । | |

<u>आवश्यक औजार/उपकरण सामग्री</u>

रङ्ग मिसाउने सामग्रीहरु

<u>सुरक्षाको अवधारणा :</u>

<u>ध्यान दिनुपर्ने चरण:</u>

रङ्ग लगाउने विधि ।

ईकाई : २.२ : रेशाजन्य सामग्री रङ्गयाउने ।

सीप २.२.२: पानी उमाल्ने ।

प्रयोगात्मक : १ घण्टा
सैद्धान्तिक : ६ मिनेट

| क.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | स्थान छनौट गर्ने । | अवस्था<br>- कार्यस्थल | - पानी उमाल्ने तरीका<br>- पानी उमाल्नुको महत्व |
| २. | सामग्री संकलन गर्ने । | कार्य/उद्देश्य: | |
| ३. | चुलो तयार गर्ने । | पानी उमाल्ने । | |
| ४. | भाडामा आवस्यक पानी राख्ने । | मापदण्ड<br>पानी उमाल्ने तरिका | |
| ५. | पानी उमाल्ने । | जानेको हुने । | |
| ६. | पानी उमालेर रङ्ग मिलाउने । | | |

आवश्यक औजार/उपकरण सामग्री

भाँडा, चुलो

सुरक्षाको अवधारणा :

आगोबाट बच्ने

ध्यान दिनुपर्ने चरण:

पानिको मात्रा मिलाउने ।

ईकाई : २.२ : रेशाजन्य सामग्री रङ्गयाउने ।

सीप : २.२.३ रङ्ग मिलाउने ।

प्रयोगात्मक : ४५ मिनेट

सैद्धान्तिक : १२ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | कार्यस्थल छनौट गर्ने । | अवस्था<br>- कार्यस्थल | - रङ्गको प्रकार<br>- रङ्गको मापन |
| २. | रङ्ग प्राप्त गर्ने । | | - रङ्ग मिलाउने तरीका<br>- रङ्गको महत्व |
| ३. | पानी तयार गर्ने । | कार्य/उद्देश्य:<br>रङ्ग मिलाउन। | |
| ४. | रङ्गको मात्रा छुट्याउने । | मापदण्ड<br>रङ्ग तोकिएको मात्रामा | |
| ५. | पानीमा रङ्ग मिलाउने । | मिलाउन जानकार हुने । | |
| ६. | पानी उमाल्ने । | | |

आवश्यक औजार/उपकरण सामग्री

रङ्ग, पानी, भाडो, चम्चा

सुरक्षाको अवधारणा :

आगोबाट बच्ने

ध्यान दिनुपर्ने चरण:

पानीको मात्रा र रङ्गको मात्रा ।

ईकाई : २.२ : रेशाजन्य सामग्री रङ्गयाउने ।

सीप : २.२.४ रेशाजन्य सामग्री रङ्गमा डुबाउने ।

प्रयोगात्मक : ३० मिनेट
सैद्धान्तिक : ६ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | कार्यस्थल छनौट गर्ने । | अवस्था<br>- कार्यस्थल | - डुबाउने तरीका<br>- डुबाउने महत्व<br>- डुबाउनुको फाईदा /बेफाईदा |
| २. | कार्यस्थल तयार गर्ने । | | |
| ३. | सामग्री संकलन गर्ने । | कार्य/उद्देश्य:<br>रङ्गमा डुबाउने । | |
| ४. | रङ्गको पानी उमाल्ने । | मापदण्ड<br>रङ्गमा डुबाउने तरिका | |
| ५. | रङ्गको उमालेको पानीमा सामग्री डुबाउने । | जानेको हुने । | |

आवश्यक औजार/उपकरण सामग्री

रङ्ग, पानी, भाडो, चम्चा

सुरक्षाको अवधारणा :

आगोबाट बच्ने

ध्यान दिनुपर्ने चरण:

पानीमा रङ्ग डुबाउने तरिका ।

ईकाई : २.२ : रेशाजन्य सामग्री रङ्गयाउने ।
सीप : २.२.५ सामग्री पखाल्ने ।

प्रयोगात्मक : ४५ मिनेट
सैद्धान्तिक : १२ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | स्थान छनौट गर्ने । | अवस्था<br>- कार्यस्थल | - सामग्री पखाल्ने बिधि<br>- सामग्री पखाल्दाको महत्व<br>- सामग्री पखाल्नुको फाईदा /बेफाईदा |
| २. | सामग्री प्राप्त गर्ने । | कार्य/उद्देश्य:<br>सामग्री पखाल्ने । | |
| ३. | पानी तयार गर्ने । | | |
| ४. | रङ्गाएको सामग्री पानीले पखाल्ने । | मापदण्ड<br>सामग्री पखाल्न जानेको हुने । | |

आवश्यक औजार/उपकरण सामग्री
पानी

सुरक्षाको अवधारणा :
भिज्नबाट बच्ने

ध्यान दिनुपर्ने चरण:
पानीले पखाल्ने ।

ईकाई : २.२ : रेशाजन्य सामग्री रङ्गयाउने ।
सीप : २.२.६ रंगाएको सामग्री सुकाउने ।

प्रयोगात्मक : ३० मिनेट
सैद्धान्तिक : ६ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | कार्यस्थल छनौट गर्ने । | अवस्था<br>- कार्यस्थल | - सुकाउने बिधि<br>- सुकाउनुको महत्व<br>- सुकाउनुको फाईदा /बेफाईदा |
| २. | सामग्री प्राप्त गर्ने । | कार्य/उद्देश्य:<br>सामग्री सुकाउने । | |
| ३. | ठाउं तयार पार्ने । | | |
| ४. | सामग्री सुकाउने । | मापदण्ड<br>सामग्री सुकाउन जानेको हुने । | |
| ५. | सुकेको सामग्री भण्डारण गर्ने । | | |

आवश्यक औजार/उपकरण सामग्री
डोरी ।

सुरक्षाको अवधारणा :

ध्यान दिनुपर्ने चरण:
सामग्री सुकाउने स्थान ।

ईकाई : २.२ : रेशाजन्य सामग्री रङ्गयाउने ।

सीप : २.२.७ रंगाएर सुकाएको सामग्री भण्डारण गर्ने ।

प्रयोगात्मक : ३० मिनेट
सैद्धान्तिक : ६ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | स्थान छनौट गर्ने । | अवस्था<br>- कार्यस्थल | - भण्डारण गर्ने बिधि<br>- भण्डारणको महत्व |
| २. | भण्डार तयार पार्ने । | | - भण्डारणको फाईदा<br>- भण्डारणको बेफाईदा |
| ३. | सुकाएको सामग्रीलाई भण्डार सम्म पु-याउने । | कार्य/उद्देश्य:<br>सामग्री भण्डारण गर्ने । | |
| ४. | ठीक तरिकाले भण्डारण गर्ने । | मापदण्ड<br>सामग्री भण्डारण गर्न जानेको हुने । | |

आवश्यक औजार/उपकरण सामग्री

रेशाजन्य सामग्री, भण्डार

सुरक्षाको अवधारणा :

धुलोबाट बच्ने

ध्यान दिनुपर्ने चरण:

व्यवस्थित तरिकाले ढुवानी र भण्डारण गर्ने ।

ईकाई : २.३ हस्तकलाको सामान बुन्ने ।

सीप : २.३.१ निर्माण गर्ने सामानको निर्क्यौल गर्ने ।

प्रयोगात्मक : २ घण्टा
सैद्धान्तिक : १२ मिनेट

| क.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | पूर्व तयारी गर्ने । | अवस्था<br>- कार्यस्थल | - सामग्रीको प्रकार<br>- निर्माण गर्ने बिधि |
| २. | माग प्राप्त गर्ने । | कार्य/उद्देश्य: | - सामग्री निर्माणको महत्व |
| ३. | डिजाईन तय गर्ने । | सामग्रीको निर्क्यौल गर्ने । | - सामग्री निर्माणको फाईदा |
| ४. | निर्माण गर्ने सामग्रीको निर्क्यौल गर्ने । | मापदण्ड<br>सामग्रीको निर्क्यौल गर्न जानेको हुने । | - सामग्री निर्माणको बेफाईदा |
| . | | | |

आवश्यक औजार/उपकरण सामग्री

सुरक्षाको अवधारणा :

ध्यान दिनुपर्ने चरण:
डिजाइन र सामग्रीको छनौट ।

ईकाई : २.३ हस्तकलाको सामान बुन्ने ।

सीप : २.३.२ डोरी बुन्ने ।

प्रयोगात्मक : २ घण्टा
सैद्धान्तिक : १८ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | कार्यस्थल तय गर्ने । | अवस्था<br>- कार्यस्थल | - डोरीको प्रकार<br>- डोरी बनाउने तरीका |
| २. | सामग्री प्राप्त गर्ने । | | - यसको महत्व |
| ३. | डोरी बुन्ने । | कार्य/उद्देश्य:<br>डोरी बुन्ने । | - डोरी बुन्नुको फाईदा<br>- डोरी बुन्नुको बेफाईदा |
| ४. | रोल बनाउने । | मापदण्ड<br>डोरी बुन्न जानेको हुने । | |
| ५. | बांधेर भण्डारण गर्ने । | | |

आवश्यक औजार/उपकरण सामग्री

कैची,

सुरक्षाको अवधारणा :

ध्यान दिनुपर्ने चरण:

बुन्ने र रोल बनाउने विधि ।

ईकाई : २.३ हस्तकलाको सामान बुन्ने ।

सीप : २.३.३ डोरी जोडेर आकार दिने ।

प्रयोगात्मक : २ घण्टा
सैद्धान्तिक : १८ मिनेट

| क.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | पूर्व तयारी गर्ने । | अवस्था<br>- कार्यस्थल | - डोरी जोड्ने तरीका<br>- यसको महत्व<br>- |
| २. | कार्यस्थल तयार गर्ने । | | |
| ३. | डोरी प्राप्त गर्ने । | कार्य/उद्देश्य:<br>डोरी जोड्ने । | |
| ४. | आकार निर्धारण गर्ने । | मापदण्ड<br>डोरी जोडन जानेको हुने । | |
| ५. | डोरी जोड्ने । | | |
| ६. | आकार बनाउने । | | |

आवश्यक औजार/उपकरण सामग्री
कैची,

सुरक्षाको अवधारणा :

ध्यान दिनुपर्ने चरण:
डोरी जोडेर आकार दिने तरिका ।

ईकाई : २.३ हस्तकलाको सामान बुन्ने ।

सीप : २.३.४ हात (Handle) को डोरी बनाउने ।

प्रयोगात्मक : २ घण्टा
सैद्धान्तिक :१८ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | पूर्व तयारी गर्ने । | अवस्था<br>- कार्यस्थल | - डोरी बनाउने तरीका<br>- यसको महत्व |
| २. | कार्यस्थल तयार गर्ने । | कार्य/उद्देश्यः | - डोरी बनाउनको फाईदा |
| ३. | सामग्री प्राप्त गर्ने । | डोरी बनाउने । | - डोरी बनाउनको बेफाईदा |
| ४. | हातको डोरी बनाउने । | मापदण्ड<br>डोरी बनाउन जानेको हुने । | |
| ५. | भण्डारण गर्ने | | |

आवश्यक औजार/उपकरण सामग्री
सुईरो,

सुरक्षाको अवधारणा :

ध्यान दिनुपर्ने चरणः
सामग्रीको आकार अनुरुप डोरी बनाउने ।

ईकाई : २.३ हस्तकलाको सामान बुन्ने ।

सीप : २.३.५ व्यागको ह्याण्डील (Handle) बुन्ने ।

प्रयोगात्मक : २ घण्टा

सैद्धान्तिक : १८ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | पूर्व तयारी गर्ने । | अवस्था<br>- कार्यस्थल | - ह्याण्डील बुन्ने तरीका |
| २. | कार्यस्थल तयार गर्ने । | कार्य/उद्देश्य:<br>ह्याण्डील बुन्ने । | - ह्याण्डील बुन्नुको महत्व |
| ३. | सामग्री तयार गर्ने । | | - ह्याण्डील बुन्नुको फाईदा |
| ४. | डिजाईन बनाउने । | मापदण्ड<br>ह्याण्डील बुन्न जानेको हुने । | - ह्याण्डील बुन्नुको बेफाईदा |
| ५. | ह्याण्डील बुन्ने । | | |
| ६ | व्यागमा जोड्ने । | | |
| ७. | भण्डारण गर्ने । | | |

आवश्यक औजार/उपकरण सामग्री

सुईरो,

सुरक्षाको अवधारणा :

ध्यान दिनुपर्ने चरण:

सामग्रीको आकार, डिजाइन र जोड्ने तरिका ।

ईकाई : २.३ हस्तकलाको सामान बुन्ने ।

सीप : २.३.६ व्यागमा भित्री कपडा राख्ने ।

प्रयोगात्मक : १ घण्टा

सैद्धान्तिक : १८ मिनेट

| क्र.सं. | चरणहरु | कार्य सम्पादनका उद्देश्यहरु | प्राविधिक ज्ञान |
|---|---|---|---|
| १. | पूर्व तयारी गर्ने । | अवस्था<br>- कार्यस्थल | - भित्री कपडा राख्न तरीका |
| २. | कार्यस्थल तयार गर्ने । | | - भित्री कपडा राख्नुको महत्व |
| ३. | सामान प्राप्त गर्ने । | कार्य/उद्देश्य:<br>भित्री कपडा राख्ने । | - भित्री कपडा राख्नुको फाईदा |
